नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२



यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ।



PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com






Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095



❖ वर्ष ३५ ❖ २०७८ असोज ०६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 22 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३६


## जनप्रतिनिधि र प्रशासकीय अधिकृतबीचको आपसी द्वन्द्वले


# बाह्रवटा पालिकामा खाता सञ्चालन भएन

प्रस, वीरगंज, ५ असोज/

राजनीतिक दलहरूको आपसी लडाइँ तथा प्रमुख प्रशासकीय अधिकृतहरूको असहयोगका कारण अधिकांश पालिकाको बैंक खाता सञ्चालनमा आएको छैन।

पर्सा जिल्लाका चौधवटा स्थानीय तहमध्ये छिपहरमाई र विन्ध्यवासिनी गाउँपालिकाको खाता सञ्चालन भएको तर बजेट निकासा नगरिएको कोष तथा लेखा नियन्त्रण कार्यालय वीरगंजले जनाएको छ। समयमा खाता सञ्चालन नहुँदा पालिका अन्तर्गत रहेका कर्मचारीहरूले यसपालिको दशैंमा तलबभत्ता खान नपाउने देखिन्छ। खाता सञ्चालनको लागि नगर/गाउँ सभा गरी बजेट पुस्तिकामार्फत बजेट पारित गर्नुपर्ने, गाउँपालिकाको सूत्रमा प्रणाली अद्यावधिक हुनुपर्ने र गत आवमा भएका खर्च र जिन्सीको हरहिसाब भिडानको लागि प्रतिवेदन पेश गरेपछि मात्र खाता सञ्चालन गर्न पाउने नियम छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्रत्येक वर्ष खाता सञ्चालन गरी बजेट निकासा लिएर जानुपर्ने प्रावधान छ। तर चालू आवभित्र




स्थानीय चुनाव हुने निश्चित भएपछि अहिले विपक्षी जनप्रतिनिधिहरूले विपक्षको भूमिका निर्वाह गर्दै विरोधमा उत्रेपछि नगर/गाउँ सभा हुन नसकेको देखिन्छ। विगत चार वर्षदेखि शान्त बसेका विपक्षी जनप्रतिनिधिहरूले अहिले आएर सत्तापक्षसँग बजेटको हरहिसाब खोज्ने र आफ्नो माग अनुसार बजेट थप्नुपर्ने अडान लिएपछि अधिकांश पालिकामा बजेट पारित भएको छैन।

सभा सम्पन्न भएपनि गत वर्षको कमिशन बाँडफाँडको विषयलाई लिएर कर्मचारीहरूले पनि असहयोग गरिरहेका छन्। जनप्रतिनिधिका अनुसार कर्मचारीहरू समयमा कार्यालय नआउने, प्रमुख प्रशासकीय अधिकृतहरू प्रत्येक वर्षझैं यस वर्ष पनि सरुवा मागेर अन्यत्र जाने तयारीमा रहेका कारण सहयोग नहुँदा बजेट तयारी हुन नसकेको हो।

नेपाल सरकारले कम्तीमा दुई वर्ष एउटा पालिकामा बस्नुपर्ने निर्णय गरे पनि आफूहरूले गरेको भ्रष्टाचार बाहिरिने डरले प्रायः प्रमुख प्रशासकीय अधिकृतहरूले एकापसमा समन्वय गरी एक पालिकाबाट अर्को पालिकामा अदलाबदली हुने चलनले अधिकांश प्रमुखहरू अदलाबदली गराउन काठमाडौं पुगेका छन्।

कर्मचारी स्रोतका अनुसार आफूहरू तयार रहेको तर जनप्रतिनिधिहरूको आपसी झगडा तथा अन्य दलका अगुवा कार्यकर्ताहरू विभिन्न समूह बनाइ पालिकामा तालाबन्दी, विरोधसभा, पुतला दहन, कुटपिट गर्ने र धम्की दिएपछि पालिका जाने अवस्था छैन। आफूहरू पालिकामा गए पनि जनप्रतिनिधिहरूले असहयोग गर्ने गरेको कर्मचारीहरूको भनाइ छ। यस्तै अवस्था रह्यो भने निश्चितरूपमा यसपालिको दशैंमा स्थानीय तह मातहतका कर्मचारीहरूले तलबभत्ता तथा अन्य सेवासुविधा पाउने छैनन्।

प्राप्त जानकारी अनुसार पालिकामा विजयी भएका जनप्रतिनिधिहरू बजेट तयार गर्नेतर्फ ध्यान नदिई अहिले गाउँटोलमा पुगी भेला, समिति निर्माण गर्नेतर्फ लागेका देखिन्छन्। विगत चार वर्षदेखि गाउँटोलमा जनप्रतिनिधिहरू नपुगेकामा अहिले गाउँटोल चहार्दै जनताका समस्या बुझ्ने र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिरहेका देखिन्छन्।

# चुरे दोहनले उजाडिएको खैरा बस्ती

राकेश यादव, रौतहट, ५ असोज/



जैविक विविधताको दृष्टिले अति संवेदनशील मानिएको चुरेको दोहनले तराईका खेतीयोग्य जमीन बगरमा परिणत भइरहेको छ। नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा दोहनले बर्सेनि भूक्षय बढाइरहेको छ। चुरे दोहनले जमीनमा रहेको पानीको स्रोतसहित भूमिगत जलभण्डार, तालतलैया अनि सिमसारलाई पनि प्रत्यक्ष असर पुऱ्याइरहेको छ। पहाड र तराई जोड्ने सेतुका रूपमा रहेको यो संवेदनशील भूभाग हरेक वर्ष उजाडिन थालेपछि पर्यावरणीय सन्तुलन खलबललिनुका साथै जीवजन्तु, चराचुरुङ्गी र मानवबस्तीलाई पनि बसाइ सार्न बाध्य बनाइरहेको छ। चुरेले तराई र मध्यपहाडको कुल भूभागको करीब १३ प्रतिशत भूगोल ओगट्छ भने मुलुकको कुल जनसङ्ख्याको करीब ६० प्रतिशत जनसङ्ख्या प्रत्यक्ष/अप्रत्यक्ष यो क्षेत्रसँग जोडिएको विज्ञहरूको भनाइ छ।

२०६१ असार २३ गते लगातार वर्षापछिको बाढीले रौतहट जिल्लाको चन्द्रपुर नगरपालिकामा रहेको चाँदी नदीले खैरा टोलका ९० वटा घर विस्थापित बनायो। राति पाँच घर बगाएर निमिटचान्नै पाऱ्यो। बस्तीका मानिसको ८५ बिघा खेतमध्ये आधाजसो कटानमा पऱ्यो। बाढीबाट जोगिन गाउँका सबैजना खैरा टोलदेखि माथि डाँडामा चन्द्रपुर बजारमा बसे। खैरा टोलमा अहिले २/३ वटा पशु बाँध्ने गोठ मात्रै बचेको छ। नदीले धार बदलेपछि बस्ती बगाएको थियो। चुरेमा जथाभावी उत्खनन हुन थालेपछि नदीले धार बदलेको हो। अहिले चन्द्रपुर नगरपालिकाले चाँदी नदीको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्न अनुमति दिएको छ। अहिले खैरा गाउँका स्थानीयहरू चन्द्रपुर नगरपालिकामा रहेको चिडियादह टोलमा धेरैजनाले घर भाडामा लिएर बसेका छन्।

हेर्दाहेर्दै सर्लक्क घर बगायो, मानिसहरू बाहिर निस्केर ज्यान जोगाए, सरसामानहरू केही निकाल्न पाएनन्, ज्यान जोगियो, त्यो नै धन्न भयो। खैरामा अहिले २/३ वटा पशु बाँध्ने गोठ मात्रै बचेको सो टोलका पीडितहरूले बताए। नदीले धार बदलेपछि बस्ती बगाएको हो। चाँदी नदी पश्चिम क्षेत्र भएर बग्थ्यो। चुरेमा जथाभावी उत्खनन हुन थालेपछि नदीले धार बदलेको हो। फेरि पनि दोहन गर्न अनुमति दिइएको छ। खैरा पारि चिडियादहमा केहीले घर बनाए भने केहीले घर भाडामा लिएर बसेका छन् तर नदी दोहन रोकिएको छैन। यस्तै किसिमले नदी दोहन भइरहयो भने यहाँ पनि २०६१ को घटना हुन सक्ने भन्ने त्रास खैरा टोलका स्थानीयहरूमा

(बाँकी पाँचौं पातामा)

# नेपाल-भारत सम्बन्धलाई सुमधुर बनाउनुपर्छ -भुसाल

प्रस, वीरगंज, ५ असोज/

नेपाल-भारत मानव विकासमैत्री सङ्घका अध्यक्ष सूर्य भुसालले मङ्गलवार वीरगंजमा पत्रकार सम्मेलन गरी नेपाल-भारतबीचको सम्बन्धलाई थप सुमधुर बनाउनुपर्ने बताएका छन्।

उनले वर्तमान सन्दर्भमा नेपाल रभारत दुवै मित्रराष्ट्र सँगै मिलेर अगाडि बढ्नुपर्ने बताए। पत्रकार सम्मेलनमा अध्यक्ष भुसालले दुई देशबीच आर्थिक, धार्मिक र पारिवारिक सम्बन्ध रहेको बताए। कसैले चाहेर नेपाल र भारतबीचको ऐतिहासिक सम्बन्धलाई बिगार्न नसक्ने उनले ठोकुवा पनि गरे।

(बाँकी अन्तिम पातामा)



# नौजनालाई महँगो पऱ्यो बँदेलको मासु

प्रस, सेढवा, ५ असोज/




जङ्गली बँदेल मारेर खाएको कसूरमा जीराभवानी गाउँपालिकाका नौजनामाथि कारबाई भएको छ।

गत साउन २३ गते जीराभवानी गापा-१ शान्तिनगरदेखि आधा किलोमिटरको दूरीमा रहेको जङ्गल क्षेत्रको खेतमा केही व्यक्तिले जङ्गली बँदेल मारेका थिए। सोको सूचना बफरजोन वन समितिले पर्सा राष्ट्रिय निकुञ्जको गढुवा पोस्टलाई दिएको थियो। सूचनाको आधारमा गढुवा पोस्टले स्थानीय सिकेन्द्र चौधरीलाई पक्राउ गरेको थियो। पक्राउ परेका चौधरीले जङ्गली जनावर मारेर खाएको कसूरमा आफू एक्लै दण्डित हुने देखेपछि आठजनाको नाम पोलेका थिए।

उनले पोलेका व्यक्तिहरूलाई पर्सा राष्ट्रिय निकुञ्जको मुद्दा शाखामा हाजिर गराइएको थियो। अहिले सो मुद्दाका आरोपी नौजना धरौटीमा छुटेका छन्। तीनजनासँग जनही रु १ लाख ५ हजार र बाँकी छजनासँग कुल रु १ लाख ५९ हजार ५ सय निकुञ्जले धरौटी लिएको थियो।

निकुञ्जको मुद्दा शाखाका प्रमुख लालबाबू साहले जङ्गली जनावर मारेको कसूरमा २० देखि ५० हजार रुपैयाँसम्म जरिवाना, छ महीनादेखि एक वर्षसम्म कैद सजाय अथवा दुवै हुन सक्ने बताए। उनले पक्राउ परेकाहरूको कसूर र आर्थिक अवस्था हेरेर धरौटी लिएको बताए।

# आतङ्कवादी हमला हुने आशङ्कामा रक्सौलमा चेकजाँच

प्रस, रक्सौल, ५ असोज/

पाकिस्तानका दुई संदिग्ध व्यक्ति पक्राउ परेपछि भारत, रक्सौलमा प्रहरीले चेकजाँचलाई तीव्रता दिएको छ।

आतङ्कवादी हमला हुने भन्दै रेलवे सुरक्षा बलका मण्डल सुरक्षा आयुक्तले बिहार सुबेको १३ जिल्लाका एसपी र रेल पुलिसलाई सतर्क हुन आदेश दिए। यस क्रममा प्रहरीले रेलका यात्रीहरूको चेकजाँचलाई तीव्रता दिएको छ।

दिल्ली प्रहरीले छजना आतङ्कवादीलाई सोधपूछपछि आइएसआईका हुमेदुर रहमान र जाकिर शेखलाई पक्राउ गरेको थियो। दुवैजना पक्राउ परेपछि भारत बिहारमा आतङ्कवादी हमला हुने भन्दै प्रहरीले चेकजाँचलाई तीव्रता दिएको हो।

बिहारको समस्तीपुर, दरभङ्गा, सीतामढी, सुपौल, मोतिहारी, बेतिया, मुजफ्फरपुर, खगडिया, मधुबनी, बेगुसराय, सहरसा, मधेपुरा, पूर्णियालगायतका स्थानमा प्रहरीले चेकजाँचलाई तीव्रता दिएको छ।



रक्सौलमा रेलवे यात्रीहरूका झोला चेकजाँच गर्दै सुरक्षाकर्मी। तस्वीरः प्रतीक


ॐ श्री हनुमान वृद्धाश्रमको साधारणसभासम्बन्धी सूचना

यस संस्थाको साधारणसभा यही असोज ८ गते दिउँसो १ बजे टिबडेवाल धर्मशाला, मेनरोडमा हुने भएकोले संस्थाका संरक्षक समितिका सबै महानुभावहरूलाई उपस्थित हुन सूचित गरिएको छ।



आत्महत्या समस्याको समाधान होइन, अमूल्य जीवन त्यसै खेर नफालौं, समस्याको समाधान खोजौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विचारसार र सूक्तिहरू

मानिसको त काम नै हो कमी खोतल्नु, तर तिमी आफ्नो बाटोमा निरन्तर हिंडिरहनू ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# नेतालाई सिकाउने कर्मचारी

प्रदेश २ का मुख्यमन्त्री लालबाबू राउत गद्दीले एउटा सार्वजनिक कार्यक्रममा भनेका छन्, “सुशासन कायम गर्नका लागि कर्मचारीवर्गको मुख्य भूमिका हुन्छ ।” उनको तर्क छ, “कर्मचारी संयन्त्र स्थायी सरकार हो । आवधिक सरकार चलाउने जनप्रतिनिधिलाई कानून सिकाउने नै कर्मचारीले हो ।” वास्तवमा मुख्यमन्त्रीको कथन मननयोग्य छ । कुनै पनि मुलुकमा दुईवटा सत्ता हुन्छ र छ पनि । स्थायी सत्ता र आवधिक सत्ता । जस्तोसुकै अवस्थामा पनि मुलुक सञ्चालनका लागि स्थायीरूपमा रहेको कर्मचारी संयन्त्र आफैंमा स्थायी सत्ता हो । आवधिक चुनाव भएर आउने जनप्रतिनिधिमूलक सत्ता अस्थायी हो । आवधिक सत्ताको काम खासगरी राज्यको नीति निर्माण गर्ने र सोको अनुगमन गर्नु हो । नीति निर्माणका लागि जनप्रतिनिधि तथा सत्तालाई उपयुक्त सुझाव दिने, सचेत गराउने साथै राज्यले तय गरेका नीतिलाई सफल कार्यान्वयन गर्ने दायित्व कर्मचारी संयन्त्रको हो । कर्मचारी संयत्र दन्हो रहयो भने जनप्रतिनिधिले जतिसुकै बदमाशी गर्न चाहे पनि सम्भव हुँदैन । हाम्रो सबैभन्दा नजीकको छिमेकी मुलुक भारतमा परराष्ट्र नीति तय गर्नुमा समेत जहिले पनि कर्मचारी संयन्त्रको भूमिका मुख्य रहने गरेको छ । त्यसमा बहालवाला साथै सेवानिवृत्त सरकारी कर्मचारीहरूले पनि उत्तिकै योगदान पुर्‍याइरहेका उदाहरण छन् ।

मन्त्रीलाई सफल पार्ने कि असफल, सचिवको भूमिका मुख्य रहन्छ । अध्यक्षलाई सफल पार्ने या असफल गराइदिने हात, प्रमुख प्रशासकीय अधिकृत तथा कार्यकारी अधिकृतको हातमा हुन्छ । सचिवले असहयोग गर्ने र फसाउन चाहने हो भने कुनै न कुनै फाइलमा मन्त्री फस्छ नै । त्यति धेरै फाइल अध्ययन गर्ने समय मन्त्रीलाई हुँदैन । अध्ययन गर्ने, कानूनसम्मत छ छैन बुझ्ने र पेश गर्ने जिम्मेवारी सचिवको हुन्छ । जनप्रतिनिधिको शैक्षिक योग्यता नतोकिएको हाम्रोजस्तो मुलुकको लागि त झन् कर्मचारीको भूमिका बढी छ । कखरा नखारेकाहरू पनि यो मुलुकमा मन्त्री भए । उनीहरूले त समय भएपनि फाइल तथा नियम कानून अध्ययन गर्न सक्दैनन् । कनीकुथी अध्ययन गरे पनि अर्थ र परिभाषा बुझ्दैनन् । यो अवस्थामा त झन् सर्वेसर्वा कर्मचारी हुने भए । कर्मचारीले हुन्छ भने हुन्छ, हुँदैन भने हुँदैन । त्यसैले त आफ्नो काम सहज तरीकाले फत्ते गराउन चाहनेहरू मन्त्रीसँग भन्दा पहिले सचिवसँग कुरा मिलाउँछन् । नयाँ पदभार ग्रहण गरेका मन्त्रीहरूलाई खाने, पिउने र घुमाएर लिने तरीका पनि मन्त्रालय सम्बद्ध कर्मचारीहरूले नै सिकाउने गर्छन् ।

कर्मचारीवर्गसँग पढेको र परेको दुवै खाले अनुभव हुन्छ । सबै सचिव र सबै कर्मचारी एकैनासका हुँदैनन्, त्यो अवस्थामा जनप्रतिनिधिले गैरकानूनी काम गर्न गराउन कर्मचारीलाई दबाब दिने गर्छन् । फेरि पनि भ्रष्टाचारजन्य कार्यलाई हरेक कर्मचारीले आआफ्नो स्थानबाट अस्वीकार गर्ने हो भने नेताले केही गर्न सक्दैनन् । हदै भए एक स्थानबाट अर्को स्थानमा सरुवा गरिदेलान् । त्यसको निम्ति कर्मचारी तयार हुन सक्नुपर्छ । मुलुकमा सुशासन कायम गर्नका लागि समाजका केही पक्षले योगदान दिनै पर्ने हुन्छ । अन्य पक्षले भन्दा कर्मचारी संयन्त्रले दिन सक्ने योगदान महत्त्वपूर्ण स्थानमा छ । उनीहरूको थोरै प्रयास मात्रैले पनि ठूलो काम हुन सक्ने अवस्था छ । गैरकानूनी सुखभोग र कालोधनलाई कर्मचारीवर्गले अस्वीकार गर्ने प्रतिबद्धताका साथ अगाडि बढ्ने प्रण गर्ने हो भने मुख्यमन्त्री गद्दीले भने जस्तै साँच्चीकै सुशासन कायम हुन सक्छ ।

# एमसिसी गाथा

स्वतन्त्र विचार



विनोद गुप्ता

**बिजुली खेर फाल्नुभन्दा नेपाल सरकारको प्रश्नमा एमसिसीले फर्काएको जवाफ करार ऐन अनुसार सम्झौताकै अङ्ग मानिने भएकोले ढिलो नगरी यसलाई कार्यान्वयनतर्फ लैजाँदा नेपाललाई आर्थिक र राजनैतिक दुवैतर्फबाट फाइदा हुने देखिन्छ ।**

नेपालको संसद्बाट एमसिसी तत्काले पास हुने अवस्था देखिएन । यसको कारण २०१७ मैं देउवाकै प्रधानमन्त्रीत्वकालमा हस्ताक्षर भएको यो सम्झौता अत्यन्त विवादास्पद बन्न पुगेको छ । ढिलो भएको कारण ३१५ किलोमिटर लामो डबल सर्किटको ४ सय केभीको यो प्रसारण योजना एकपटक पूरा भएमा नेपालको सबै रिभर बेसिनहरू एक आपसमा हाइभोल्टेज ग्रीडमा जोडिने छन् । यसका लागि सम्पूर्ण कामलाई पाँच खण्डमा विभाजित गरी (१) बुटवल–भारत, (२) बुटवल–दमौली (३) दमौली–रातोमाटो (४) रातोमाटो–हेटौंडा र (५) रातोमाटो–लप्सीफेदी काम गर्ने योजना रहेको छ । ८ सेप्टेम्बर २०२१ मैं बुटवल–गोरखपुर अन्तर्देशीय प्रसारण लाइन निर्माण गर्ने सम्बन्धमा सम्झौता भएको छ । यसका लागि एमसिसीको योजना कार्यान्वयन गर्न एमसिएले सबै टेन्डरहरू तयार गरिसकेको छ तर यो विवादले गर्दा र ठूलो लगानीसमेत लाग्ने भएकोले ठूलो टेन्डरदाता आकर्षित नहुने अपेक्षा गर्दै टेन्डर निकाल्ने प्रक्रिया स्थगित गरेको छ । यो विवादले गर्दा अब १३५ किलोमिटरको यो प्रसारण लाइन र यसका साथै भारततर्फ नेपाल विद्युत् प्राधिकरण र पावर ग्रीड कर्पोरेशन अफ इन्डियाले निर्माण गर्ने भनिएको ३५ सय मेगावाट विद्युत् आयात र निर्यात गर्न सक्ने ४ सय केभीको यो लाइन निर्माणको औचित्यमाथि पनि प्रश्नचिह्न खडा भएको छ ।

यसैगरी सडक सञ्जालको अवस्था पनि छ । यो एमसिसी नेपाल भित्र्याउन अमेरिकामा तत्कालीन नेपाली राजदूत डा शङ्कर शर्माको विशेष योगदान रहेको त्यसबेला मैले सुनेको र पढेको पनि हुँ । उनकै अथक परिश्रम एवं प्रयासका कारण सम्भवतः सन् २०१२ मैं नेपालको आवश्यकता पहिचानसम्बन्धी अध्ययन भएको थियो । त्यसबेला प्रचण्ड प्रधानमन्त्री र कृष्णबहादुर महरा उपप्रधानमन्त्री थिए । मेरो स्मरणमा त्यतिबेला छापामा आएको कुरा स्मरण गर्दा दिनानाथ शर्माले सम्झौताको मस्यौदा तयार गर्ने क्रममा बिजुली मात्रै नेपालको निर्यातयोग्य सम्पदा भएकोले यसलाई प्रथम प्राथमिकता दिने कुरामा जोड दिएका थिए भने डा बाबुराम भट्टराईले विद्युत् भारतमैं बेच्नुपर्ने बाध्यता भएकोले भारतको स्वीकृतिसमेत (खरीदको लागि) लिई अगाडि बढ्नुपर्ने सुझाव राखेकोजस्तो लाग्छ । अहिले डा भट्टराईले आफ्नो कित्ता स्पष्ट गरे पनि दिनानाथ शर्मा र सम्झौता तयार गर्न सक्रिय भूमिका निर्वाह गर्ने वर्षमान पुनले मौनव्रत धारण गरेका छन् ।

स्पष्ट छ सम्झौताको मस्यौदामा हस्ताक्षर देउवाको पालामा २०१७ मा भए पनि यसमा माओवादीको सहमति थियो । केपीशर्मा ओली प्रधानमन्त्री भएपछि प्रचण्डले यसको विरोध गर्न थाले र त्यस बेलामा सभामुख महराले यसलाई निर्णयार्थ संसद्मा प्रस्तुत नै गरेनन् । अहिले पनि प्रचण्ड समर्थित सभामुख छन् र उनले पनि यसलाई संसद्मा प्रस्तुत गर्न चाहेका छैनन् । अहिले उठाइएका विवादास्पद बुँदाहरूको सम्बन्धमा जहाँसम्म सार्वभौमिकताको सवाल छ, एमसिसीले २०१७ को ५ अप्रिलमा पठाएको admenor मा स्पष्टरूपमा यो सम्झौता नेपालको संविधानभन्दा माथि छैन भनेर स्पष्ट गरिसकेको छ । अब जहाँम्म कानूनको कुरा छ नेपालकै सन्धि ऐनको दफा ९ (१) मा संसद्बाट अनुमोदन, सम्मेलन एवं स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म उक्त सन्धिको प्रयोजनको लागि प्रचलित कानून अमान्य हुनेछ र सन्धिको व्यवस्था कानूनसरह लागू हुनेछ भनेर लेखिएको छ ।

२०१७ को नेपालसँग भएको सम्झौतामा संसद्बाट अनुमोदन गराउने कतै उल्लेख नभए पनि सरकारले कानून मन्त्रालयसँग राय मागेकोमा यो मन्त्रालयले सन्धि ऐनको दफा ९ अनुसार गर्नुपर्ने राय दिएपछि यसमा विवाद उठेको हो । सन् २०२० को फेब्रुअरी महीनामा श्रीलङ्काको मन्त्रिपरिषद्ले नेपालजस्तै हाम्रो सावभौमिकतामा खलल पार्ने र संविधानलाई होच्याउने खालको भएको भनेर सम्झौता गर्न अस्वीकार गरेबाहेक सम्झौता भएका अन्य देशहरूको हकमा हेरिटेज फाउन्डेशनले गरेको एक अध्ययन अनुसार वैदेशिक सहायता प्राप्त गर्ने प्रायः सबैजसो अल्पविकसित र विकासशील देशहरूको विगत ४० वर्षमा प्रगति स्थिर रहेको पाइएको छ भने एमसिसी कार्यान्वयन भएका देशहरूमा आर्मोनियाबाहेक अन्य सबै देशमा प्रभावकारी ढङ्गले कार्य गरिरहेको उनीहरूले अन्य आयोजनाको तुलनामा २५ प्रतिशतले अग्रता प्राप्त गरेको तथ्याङ्क सार्वजनिक भएकै छ ।

अर्को कुरा एमसिसी सञ्चालन गर्न गठन हुने एमसिएमा अर्थसचिव अध्यक्ष, ऊर्जा एवं भौतिक योजनाका सहसचिव, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक, निजी व्यापारिक सङ्घसंस्थाबाट एकजना र नागरिकतर्फबाट एकजना मताधिकारसहितको सदस्य रहने र यस समितिमा एमसिसी प्रतिनिधि सदस्य भए पनि मताधिकार नहुने व्यवस्था छ । त्यसैले किन नेपालमा यसको यतिविधि विरोध भइरहेको छ त्यो विचारणीय हुन आउँछ । जहाँसम्म राजनैतिक दलको कुरा छ, स्पष्ट छ प्रचण्ड सरकारमा हुँदा समर्थनमा थिए, ओली सरकारमा हुँदा समर्थनमा थिए र दुवै अहिले विरोधमा छन् । हुनत प्रचण्ड गठनबन्धनमा छन् तर काङ्ग्रेस शुरूदेखि नै यसको समर्थनमा छ । त्यसैले राजनीतिक दलहरू ‘मैले गराएँ’ ग्रन्थिबाट ग्रसित भएर अमेरिकाको नजीक हुन खोजेको प्रस्ट छ भने जनस्तरमा जुन विरोध भइरहेको छ त्यसमा संलग्न सरकारको पूर्ण संलग्नता रहने भएकोले केही संस्थाहरू यसबाट बाहिर पर्ने भएकोले उचालिरहेको अनुमान गरिएको छ ।

त्यस्ता सबै देश, जहाँ एमसिसी कार्यान्वयन भएको छ र यस्ता स्वघोषित विकास संस्थाहरू पाखा लागेका छन् सबैमा American imperialism on global south को नारा समानरूपमा लगाइएको पाइन्छ । अहिले नै तामाकोशीबाट उत्पादन शुरू भएपछि बिजुली खेर जान थालेको छ । हाम्रो आफ्नो खपत १५ सय मेगावाटभन्दा माथि जाने प्रक्षेपण छैन । त्यसैले बिजुली खेर फाल्नुभन्दा नेपाल सरकारको प्रश्नमा एमसिसीले फर्काएको जवाफ करार ऐन अनुसार सम्झौताकै अङ्ग मानिने भएकोले ढिलो नगरी यसलाई कार्यान्वयनतर्फ लैजाँदा नेपाललाई आर्थिक र राजनैतिक दुवैतर्फबाट फाइदा हुने देखिन्छ ।

# एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालन हुने

–शरद शर्मा

काठमाडौं, ५ असोज/रासस

अब विद्यार्थी विद्यालयमा नै उद्यमशील बन्ने भएका छन् । पढाइका साथै उनीहरूलाई उद्यमशीलतातर्फ आकर्षित गर्न राष्ट्रिय युवा परिषद्ले विद्यालयमा ‘एक शिक्षण संस्था एक उद्यम कार्यक्रम’ योजना सञ्चालन गर्न थालेको छ ।

पढाइपछि बचेको समयमा विद्यालयमा नै माछापालन, बाख्रापालन, पुष्प, तरकारी खेतीसहित उद्यमशील बनाउनका लागि उक्त कार्यक्रम सञ्चालन गर्न थालिएको परिषद्का उपाध्यक्ष माधवप्रसाद ढुङ्गेलले जानकारी दिए । परिषद्ले यसै आर्थिक वर्षदेखि शिक्षण संस्थालाई उद्यम गर्ने सिकाइस्थलको रूपमा विकास गर्न र शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशीलता विकास गरी शिक्षण रूपान्तरण गर्न कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

परिषद्का उपाध्यक्ष ढुङ्गेलले विद्यार्थीलाई विद्यालयबाट नै उद्यमशील बनाउन ‘एक शिक्षण संस्था एक उद्यम’ कार्यक्रम सञ्चालन गर्न थालिएको बताए । उनले उक्त कार्यक्रमले आफू पढेलेखेको ठाउँबाटै विद्यार्थी व्यवसायमा लाग्न सहयोग पुग्ने बताए । “विद्यालय तहबाट नै विद्यार्थीलाई उद्यमतर्फ आकर्षित गर्न यो कार्यक्रम सञ्चालन गरेका हौं”–उनले भने–“विद्यालयबाट बाहिर निस्केपछि उनीहरू बेरोजगारी बन्नुपर्दैन ।”

उनका अनुसार अभिभावक पनि महीनामा एक दिन विद्यालय आए आफ्ना विद्यार्थीले गरेको उद्यममा सहभागी हुनेछन् । “आफ्ना विद्यार्थीले विद्यालयमा नै उद्यम गरेको देखेर अभिभावक पनि खाली रहेको खेतबारीमा केही न केही खेती गर्न सक्नेछन्”–उनले भने–“यसले सिङ्गो समाजलाई उद्यमशील बनाउन सहयोग




मिल्नेछ ।”

सञ्चालनका लागि परिषद्ले देशभरिका विद्यालयसँग प्रस्ताव माग गरेको छ । परिषद्ले कार्यक्रम सञ्चालन गर्न इच्छुक प्राविधिक तथा व्यावसायिक धार/शिक्षा सञ्चालित वा नमूना विकासका लागि छनोट भएका सामुदायिक माध्यमिक विद्यालयले यही असोज २१ गतेभित्र व्यावसायिक परियोजना प्रस्ताव पेश गर्न आग्रह गरेको छ । विद्यालयले पेश गरेको प्रस्तावलाई परिषद्को छनोट समितिले छनोट गर्नेछ । कार्यान्वयन कार्यढाँचामा निर्धारित मूल्याङ्कनका आधार बमोजिम प्रत्येक प्रदेशबाट एक एक र सङ्घबाट एक गरी आठवटा विद्यालय छनोट गरिने परिषद्का उपसचिव कमला ज्ञवालीले जानकारी दिइन् ।

उनका अनुसार छनोट भएको विद्यालयले बीउ पूँजीको रूपमा परिषद्ले नै शुरूमा सात लाख रुपियाँ अनुदान दिनेछ । परिषद्ले उपलब्ध गराएको र क्लबले विभिन्न स्रोतबाट प्राप्त गरेको रकमबाट विद्यालयमा उद्यम कार्यक्रम सञ्चालन गरिने छ ।

सरकारले नमूना विकासका लागि छनोट गरिएका ४२२, प्राविधिक शिक्षा सञ्चालन गर्ने ४८४ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट १८ महीनाको कक्षा सञ्चालन गरिरहेका विद्यालय उक्त कार्यक्रममा सहभागी हुन पाउनेछन् ।

प्राविधिक तथा व्यावसायिक धार/शिक्षा लागू भएका नमूना सामुदायिक माध्यमिक विद्यालयलाई विशेष प्राथमिकता दिइने छ । विद्यालयले कृषि तथा पशुपक्षी (माछापालन, बाख्रापालन, कुखरापालन) वन, पर्यटन प्रवर्द्धन, निर्माणमा आधारित उद्यम, कलामा आधारित उद्यमलगायत आठ प्रकारका उद्यममा कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

विद्यालयमा उद्यम कार्यक्रम सञ्चालनका लागि विद्यालयमा ९ देखि १२ कक्षा अध्ययनरत विद्यार्थी र कक्षामा प्रथम हुने विद्यार्थी सम्मिलित १७ सदस्यीय विद्यार्थी उद्यमी क्लब गठन गरिने छ । उक्त क्लबमा रहेका विद्यार्थीले नै उद्यम कार्यक्रम सञ्चालन गर्नेछन् ।

उद्यम सञ्चालनका लागि विद्यालयमा उद्यम कोष स्थापना गरिने छ । विद्यालयका प्रधानाध्यापक अध्यक्ष, उद्यमी क्लबका अध्यक्ष सदस्य र विद्यालयको लेखा हेर्ने कर्मचारी सदस्य सचिव रहनेछन् । कोषमा अभिभावकबाट उद्यम गर्न वार्षिकरूपमा सङ्कलित रकम, प्रदेश सरकारबाट प्राप्त अनुदान, उद्यमबाट प्राप्त आम्दानी, पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रकम, स्थानीय तह र अन्य व्यक्ति, सङ्घसंस्थाको अनुदानबाट प्राप्त रकमले एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन गरिने उपाध्यक्ष ढुङ्गेलले जानकारी दिए ।

परिषद्का प्रमुख प्रशासकीय अधिकृत डा बाबुराम ढुङ्गानाले विद्यार्थी आफैंले उद्यमबाट कमाएको पैसाले विद्यालयमा पढ्ने बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन निर्माण : सर्वत्र समस्या

काठमाडौं, ५ असोज/रासस

नेपालमा प्रसारण लाइन निर्माण गर्नुजतिको झन्झटिलो काम अरू हुन छाडेको छ । एकातिर सरकारी निकायबीचकै समन्वयको अभाव छ भने अर्कोतर्फ निर्माण व्यवसायीको काम गर्ने संस्कारमा हुन नसकेको परिवर्तन पनि अर्को पाटो रहेको छ ।

मुलुकभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन जलविद्युत् आयोजनाको विद्युत् धनुषामा रहेको ढल्केबर सबस्टेशनबाट क्षमता अभावमा पश्चिमतर्फ पठाउन सकिएको छैन । अहिले ढल्केबरबाट पश्चिमतर्फ १३२ केभी प्रसारण लाइन मात्रै छ ।

पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने कुल २८८ किलोमिटर प्रसारण लाइनका लागि ७९२ वटा टावर निर्माण गर्नुपर्छ । यसमध्ये ६५९ टावरको जग हालिएको छ भने ६३३ खडा गरिएको छ । रूख कटानको स्वीकृतिमा भएको


प्राधिकरणको प्रसारण लाइन निर्माण कार्यको अवलोकन गर्दै कार्यकारी निर्देशक कुलमान घिसिङलगायतका पदाधिकारीहरू । तस्वीरः फाइल

हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजना निर्माणमा जताततै अवरोधै अवरोध देखिनुले पनि सोही कुराको पुष्टि गर्दछ ।

झन्डै आठ वर्ष पहिलेदेखि निर्माण शुरू भएको आयोजनामा भइरहेको अवरोधका कारण हालसम्म सम्पन्न हुन सकिरहेको छैन । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ थानाभन्याङ सबस्टेशनबाट शुरू भई सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ मा जोडिने प्रसारण लाइन १० वटा जिल्ला पार भएर जान्छ । जति जिल्ला आयोजनाले छुन्छ, उत्ति नै धेरै समस्याका जञ्जालले छोपेको छ ।

प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयवासीको अवरोध, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत अल्झन, ठेकेदारको कमजोर कार्यसम्पादनलगायतका कारणले गर्दा प्रसारण लाइन निर्माण ढिला भएको हो । स्थानीय अवरोध खुलाइ निर्माणका लागि प्राधिकरणले गरिरहेको प्रयास पनि सार्थकरूपमा सफल हुन सकिरहेको छैन ।

रणनीतिक महत्त्वको प्रसारण लाइनको निर्माण सम्पन्न हुन नसक्दा ४५६ मेगावाटको माथिल्लो तामाकोशी ढिलाइ र स्थानीयवासीको अवरोधका कारण बाँकी टावरको निर्माण हुन सकेको छैन । सबै टावर खडा गरिसकेपछि ठेकेदार कम्पनीले तार तान्न शुरू गर्नेछ ।

हेटौंडा उपमहानगरपालिका वडा नं १५, १६ र १७ स्थिति हटिया क्षेत्रका बासिन्दाको अवरोधका कारण निजी जग्गामा पर्ने १४ वटा टावरको निर्माण शुरू हुन सकेको छैन । प्राधिकरणले अवरोध हटाउन वाग्मती प्रदेशका तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल, स्थानीय राजनीतिक दल, जनप्रतिनिधि, नागरिक समाज, प्रभावितसँग पटक-पटक छलफल गरे पनि समस्या समाधान हुन सकेको छैन ।

स्थानीयवासीले प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै सामुदायिक वनमा पर्ने टावरसमेत निर्माण गर्न दिएका छैनन् भने निर्माण गरिएका दुईवटा टावर सार्न माग गरिरहेका छन् । उनीहरूले प्रसारण लाइन मानवबस्तीबाट नलगी जङ्गलबाट लैजानुपर्ने माग गरेका छन् । आयोजनाले भने सबै प्रक्रिया पूरा गरी डिजाइन गरिएकाले अहिले आएर रूट परिवर्तन गर्न नसकिने प्रस्ट पार्दै आएको छ ।

प्रसारण लाइन निर्माणमा निरन्तर अवरोध भएपछि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालयका प्रमुख दीर्घायुकुमार श्रेष्ठ, आयोजना प्रमुख श्याम यादवको टोलीले केही दिनअघि अवरोधस्थलको अवलोकन गरी प्रभावितसँग छलफल गर्दै राष्ट्रिय महत्त्वको प्रसारण लाइन निर्माणमा सहयोग गरिदिन आग्रह गरेको छ ।

"माथिल्लो तामाकोशीको बिजुली ढल्केबरबाट पश्चिमतर्फ ल्याउन नसक्दा यता नपुग्ने उता खेर फाल्नुपर्ने बाध्यात्मक अवस्था छ । यस्तो अवस्थाको अन्त्य गर्न यो लाइन जतिसक्दो छिट्टो निर्माण गर्नुपर्ने छ, मुआवजा तथा क्षतिपूर्तिका विषयमा छलफल गरौं विवाद चर्काउनेभन्दा पनि टुङ्ग्याउनतर्फ लागौं," घिसिङले भने ।

प्रसारण लाइन निर्माणमा भइरहेको अवरोध हटाउन आयोजनामा सहुलियतपूर्ण ऋण प्रवाह गरेको विश्व बैंकले सहजकर्ता नियुक्त गरेको जानकारी दिँदै घिसिङले त्यसमार्फत विवाद समाधान हुने विश्वास व्यक्त गरे ।

हेटौंडा उपमहानगरपालिका-१६ का अध्यक्ष रामकृष्ण कोइरालाले मानवबस्ती छलेर प्रसारण लाइन लैजाने अवस्था हुँदाहुँदै यसतर्फ आयोजना व्यवस्थापनले ध्यान नदिएको बताए । "विकासविरोधी हैनौं, अहिलको मार्ग व्यावहारिक छैन, मुआवजा तथा क्षतिपूर्ति दिनुनपर्ने गरी वन क्षेत्रबाट लाइन लैजानुपर्छ," कोइरालाले भने, "समस्या समाधानका लागि आवश्यक सहयोग गर्न हामी तयार छौं ।"

स्थानीयवासीले सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर र सिराहाको लहान पडरिया क्षेत्रमा पनि प्रसारण लाइन निर्माणमा अवरोध गरेका छन् । हेटौंडा-ढल्केबर-इनरुवा ४४० केभी प्रसारण लाइन विद्यमान १३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजीक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्ग अधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र बिन्दुबाट दायाँबायाँ २३/२३ मिटर हुनेछ ।

आयोजनाले ५१८ हेक्टर वन क्षेत्रमा रहेका रूख काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमीन अधिग्रहण गर्नुपर्नेछ । मार्ग अधिकारमा ४७५ हेक्टर निजी जग्गा र १७१ वटा घर तथा अन्य संरचनाहरू प्रभावित हुनेछन् ।

नेपाल सरकार, विद्युत् प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजना अन्तर्गत प्रसारण लाइनको निर्माण हुन गइरहेको हो । यसबाट मुलुकभित्रको प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापार सहज हुने अपेक्षा गरिएको छ ।

# सोऱ्हश्राद्ध शुरू

काठमाडौं, ५ असोज/रासस

प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि शुरू हुने सोऱ्हश्राद्ध अर्थात् गरिएको छ ।


राजविराजस्थित कल्टु पोखरीमा पितृप्रति तर्पण दिंदै सन्तति । तस्वीरःरासस

पितृ पक्ष मङ्गलवार प्रतिपदा तिथि श्राद्ध गरेसँगै शुरू भएको छ । पितृ पक्षको पहिलो दिन आज प्रतिपदा तिथि श्राद्ध

आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोऱ्ह तिथिमा दिवङ्गत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोऱ्हश्राद्ध भनिएको हो । यो समयलाई अपर, प्रेत पक्ष आदि नामले पनि बुझिन्छ । चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्परा अनुसार सोऱ्हश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आस गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ ।

यसरी सोऱ्हश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनाका साथै पितृऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्राडा रामचन्द्र गौतम बताउँछन् । सोऱ्हश्राद्ध अपराह्नमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको पनि उनले बताए ।

**गोकर्णेश्वरमा श्राद्ध गर्नेको भीड**

यस अवसरमा उपत्यकाको उत्तरपूर्वी भेगस्थित गोकर्णेश्वर उत्तरगया, नुवाकोट र रसुवाको सङ्गमस्थल बेत्रावती, देवघाट, त्रिवेणीलगायत तीर्थस्थलमा पनि पितृप्रति श्रद्धासाथ श्राद्ध गर्नेको भीड लागेको छ । नयाँ भेरियन्टसहितको कोरोना भाइरसको

(बाँकी चौथो पातामा)

# नारायणगढ-बुटवल सडक : खाल्डाखुल्डीले सवारी गुडाउन सकस

नवलपुर, ५ असोज/रासस

विस्तारका क्रममा रहेको महेन्द्र राजमार्गको नारायणगढ- बुटवल "विस्तारै जाँदा अस्पताल ढिला पुगिने बाध्यता एउटा छ, अर्को बाटोमा भएका खाल्डाखुल्डीका कारण बिरामीको ज्यान हुन्छ, बाटोको अवस्थाका कारण यो सडकमा मोटरसाइकल चलाउन नपरे हुन्थ्योजस्तो लाग्छ ।"


हिलाम्य र खाल्डाखुल्डी सडकमा गुड्दै भ्यान । तस्वीरः रासस

सडकखण्डमा चालक तथा यात्री सकसपूर्ण यात्रा गर्न बाध्य भएका छन् । करीब ११४ किलोमिटर लामो सो सडकको खण्ड-१ मा पर्ने नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को ६५ किलोमिटर सडकखण्डमध्ये आधाभन्दा बढी भत्केर खाल्डाखुल्डी परेको छ ।

जिल्लाको गैंडाकोटबाट शुरू हुने सडकको खाल्डाखुल्डी दाउन्नेसम्म उस्तै छ । चारवटा स्थानीय तहलाई छुने सो सडकको सबैभन्दा बढी खाल्डाखुल्डी गैंडाकोटमा छ । यो सडकको सबैभन्दा कम खाल्डाखुल्डी र केही राम्रो बाटो भने मध्यविन्दु नगरपालिकाको जङ्गल क्षेत्रमा मात्रै भेटाउन सकिन्छ ।

सो सडक भएर यात्रा गर्नेमध्ये सबैभन्दा बढी समस्या बिरामी र एम्बुलेन्स चालकलाई हुने गरेको छ । संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपालका केन्द्रीय अध्यक्ष नवराज लामिछानेले नारायणगढ-बुटवल सडक पहिलेको अवस्थामा भन्दा ९९ प्रतिशत बिग्रिएको बताउँछन् । "सामान्य नागरिकलाई त त्यो बाटोमा यात्रा गर्न गाह्रो हुन्छ"-लामिछानेले भने-"झन् हामी त बिरामी लिएर हिंड्नुपर्छ, बिरामीलाई चाँडो अस्पताल पुऱ्याउनुपर्छ । बाटोका कारण बिरामीलाई अस्पताल पुऱ्याउन ढिला हुँदा उनीहरूको अवस्था जटिल भइसकेको हुन्छ ।"

नवलपुरका बिरामीलाई अस्पताल लैजाने बेला घरमा सामान्य बिरामी भएका मान्छेसमेत अस्पताल पुग्दा उनीहरूको अवस्था जटिल हुने गरेको लामिछानेले बताए । "बिरामीलाई चाँडो अस्पताल पुऱ्याउनुपर्ने हुन्छ । तर बाटोको अवस्थाका कारण एम्बुलेन्स कुदाउन सक्ने स्थिति नै छैन"-लामिछानेले भने-शिथिल हुन्छ ।" यो सडकमा रहेको खाल्डाखुल्डीका कारण साह्रै समस्या हुने गरेको लामिछानेले बताए ।

सो सडक भएर यात्रा गर्ने अन्य निजी तथा सार्वजनिक सवारी साधनका चालकसमेत बाटोका कारण समस्यामा पर्ने गरेको बताउँछन् । मध्यविन्दुबाट काठमाडौं चल्ने माइक्रो बसका चालक अजय चौधरीले बाटोमा खाल्डाखुल्डी बढी हुँदा सवारी साधन चाँडै बिग्रिने गरेको गुनासो गरे । "पहिले महीनाको बढीमा दुईपटक सवारी सर्भिसिङ गर्दा हुन्थ्यो"-चौधरीले भने-"अहिले दुईपटक काठमाडौं पुगेर आउँदा गाडी सर्भिसिङ गराएन भने चलाउनै नसकिने हुन्छ ।" सडकमा भएका ठूला-ठूला खाल्डाका कारण गाडीको पट्टा भाँचिने, टायर खिइने समस्या बढी हुने गरेको चौधरीको भनाइ छ ।

**घाम लाग्दा धूलो, पानी पर्दा हिलो**

सडकको दुरवस्थाका कारण स्थानीयवासीसमेत मर्कामा परेका छन् । कावासोती-१६ डण्डामा मोबाइल पसल सञ्चालन गर्दै आएका सन्तोष पोखरेल बाटोमा उड्ने धूलोका कारण समस्या हुने गरेको बताउँछन् । "पानी पर्दा हिलो हुन्छ, घाम लाग्दा धूलो उडेर पसल फोहर हुन्छ"-पोखरेलले भने-"मोबाइलका सामान लिन दैनिक नारायणगढ जानुपर्ने मलाई बाटोको हिलो र धूलोका कारण झनै समस्या पर्ने गरेको छ ।"

बाटोमा भएको खाल्डाखुल्डी र घाम लाग्दा उड्ने धूलो तथा पानी पर्दा हुने हिलोका कारण मोटरसाइकल चलाउन पनि समस्या हुने गरेको उनी बताउँछन् । "नारायणगढ पुगेर सामान ल्याउन भनेर मोटरसाइकलमा जान सक्ने अवस्था नै छैन"-पोखरेलले भने-"डण्डाबाट नारायणगढ पुग्दा मान्छे पूरै धूलैधूलो हुन्छ, बाटोको अवस्थाका कारण यो सडकमा मोटरसाइकल चलाउन नपरे हुन्थ्योजस्तो लाग्छ ।"

नारायणगढ-बुटवल सडकको खण्ड-१ मा पर्ने ६५ किलोमिटर सडकमध्ये करीब १५ किलोमिटर सडक मात्रै गाडी गुडाउन सकिने अवस्थाको छ । दाउन्नेको १४ किलोमिटर उकालो सडकमा पक्की सडक देख्नै मुश्किल छ । दुम्किबासबाट दाउन्नेसम्मको सडकको सबै कालोपत्र उप्केर ग्रामीण क्षेत्रको कच्ची सडकजस्तै बनेको छ ।

**दशैंमा सरर गाडी गुडाउन पाइने**

नारायणगढ-बुटवल सडक आयोजनाका सूचना अधिकारी कृष्ण आचार्यले खण्ड-१ मा रहेका सबै खाल्डाखुल्डी दशैं अगाडि नै पुरेर सकिने बताए । "चिनियाँ कम्पनीका प्रमुख मान्छेले दशैंसम्म सबै खाल्डाखुल्डी पुरेर सकाउने प्रतिबद्धता जनाउनुभएको छ"-आचार्यले भने-"पुल निर्माणका लागि बनाइएका डाइभर्सनबाहेक सडकमा रहेका सबै खाल्डाखुल्डी पुरेर दशैंमा सरर गाडी गुडाउन पाइन्छ ।" निर्माण कम्पनीको कन्ट्र्याक्ट म्यानेजरले आयोजनालाई नटेरेपछि पुरानोलाई हटाएर कम्पनीले नयाँ कन्ट्र्याक्ट म्यानेजर पठाएको भन्दै आचार्यले नयाँ म्यानेजरले भने अनुसार काम गरिरहेको बताए ।

"केही समय पहिले मात्रै नयाँ म्यानेजर आउनुभएको छ"-आचार्यले भने-"आयोजनालाई अपजस नआउनेगरी तीव्ररूपमा काम गर्छु भनेर उहाँले हामीसँग प्रतिबद्धता जनाउनुभएको छ ।" मनसुनसमेत सकिएकोले अब भत्किएका बाटो मरम्मतसँगै सडक विस्तारको कामले तीव्रता पाउने सूचना अधिकारी आचार्यको भनाइ छ । नारायणगढ-बुटवल सडकको खण्ड-१ मा काम शुरू भएको साढे दुई वर्षको अवधिमा करीब आठ प्रतिशत मात्रै काम सकिएको छ ।


बालश्रम कि बाललीला ? फोटोः तिवारी यादव

# तुलसीको जाति

यद्यपि सामान्य मान्छेलाई तुलसीको दुई भेद मात्र थाहा छ, जसलाई रामा र श्यामा भनिन्छ। रामाको पातको रंग हलुका हुन्छ जसले गर्दा त्यसको नाम गौरी पनि हो। श्यामा अथवा कृष्ण तुलसीको पातको रंग गहिरो हुन्छ र त्यसमा कफनाशक गुण बढी हुन्छ। यसैले औषधिको रूपमा प्रायः कृष्ण तुलसीको नै प्रयोग गरिन्छ, किनभने त्यसको गन्ध र रसमा तीक्ष्णता हुन्छ। यस प्रकरणमा अगाडि गएर तुलसी चिकित्साको जुन प्रयोग लेखिएको छ त्यसमा जबसम्म स्पष्ट रूपले अन्य प्रकारको तुलसीको उल्लेख हुँदैन, त्यसको आशय कृष्ण-तुलसीसँग नै हो भनेर बुझ्नुपर्छ।

तुलसीको दोस्रो जाति वन-तुलसी हो जसलाई कठेरक पनि भनिन्छ। यसको गन्ध घरेलु तुलसीको अपेक्षा कम हुन्छ र यसमा विषको प्रभाव नष्ट गर्ने क्षमता विशेष हुन्छ। रक्तदोष, कुष्ठरोग, चक्षुरोग र प्रसवकालीन चिकित्सामा यो विशेष उपयोगी हुन्छ। तेस्रो जातिलाई मरूवक भनिन्छ। राजमार्तण्ड ग्रन्थ अनुसार हतियारले काटेपछि वा घस्रिएर भएको घाउमा यसको रस लाभकारी हुन्छ। कुनै विषालु जीवले टोकेपछि यसलाई लगाउँदा आराम हुन्छ। चौथो बर्वरी वा बुवई तुलसी हुन्छ जसको मन्जरीको गन्ध निकै तीव्र हुन्छ। बीउ, जसलाई युनानी चिकित्सा पद्धति हकीमीमा 'तुख्म रेहाँ' भनिन्छ, निकै बढी बाजीकरण गुणयुक्त मानिएको छ। वीर्यलाई गाढा बनाउन यसको प्रयोग गरिन्छ। यस अतिरिक्त अन्य दुई-एक जाति विभिन्न प्रदेशमा हुन्छ, जसमा तीव्र गन्ध हुन्छ र कृमिनाशक गुण पाइन्छ।


**(१) सुरसा-** यो सेतोको साथै कालोपन भएको दुई जाति हुन्छ। सेतोलाई रामा र कालोलाई श्यामा भनिन्छ। गुण दुवैको करीब-करीब एकै प्रकारको हुन्छ। पित्तकारक, विषनाशक, दुर्गन्ध हटाउने, खोकी, श्वास, उदर, बाडुली तथा मेरुरूदण्डको दुखाइलाई निको गर्छ। रामामा बातनाशक गुण विशेष मात्रामा हुन्छ र श्यामामा कफजन्य दोष हटाउने विशेषता हुन्छ। अङ्ग्रेजी भाषामा यसलाई होली बसिल र चिकित्सा प्रयोगमा ओलिमम सक्टम भनिन्छ।

**(२) मरूवक-** यसको गन्ध, पत्र, खरपत्र, बहुवीर्य, ग्रन्थ पुष्प, फणिजुक आदि नाम पनि छ । यो पित्त उत्पन्न गर्ने, अग्नि बढाउने, पाचक, सुगन्धित, रुचिकारक, विष हटाउने तथा सुजन, मलावरोध, हृदयारोग, शूल, अफरा, रगतको खराबी, चर्मरोग, खाज, कोढ, श्वास, ज्वरो, अरुचि, अजीर्ण आदि रोगलाई निको गर्छ।

**(३) कुठेरक-** यसलाई पर्णास, क्षुद्रपत्र, विश्व गन्धक, अर्जक-त्रय आदि नामले पुकारिन्छ। यो वात, पित्त र कफ दोषलाई निको गर्छ। सर्प आदि विषालु जनवारले टोकेको विष तथा सिंगिया कुचला आदि जङ्गम विषको प्रभावलाई निको गर्छ। आँखाको रोगमा लाभ पुऱ्याउँछ। रक्त विकार मेटाउँछ। सुखपूर्वक प्रसव गराउँछ।

## जीवेम शरदः शतम्

खुला स्थानमा हुर्केको तुलसीको अपेक्षा छायामा हुर्केको तुलसीमा यो तेल बढी मात्रामा पाइन्छ। वायु शुद्ध गर्ने र रोगको कीटाणु मार्ने जुन शक्ति तुलसीको वरपरको हावामा हुन्छ, त्यसको प्रमुख कारण तेल नै हो जुन पातको माथिल्लो भागमा आएर हावासँग उडिरहन्छ।




**(४) बर्बरी-** यसलाई तुवरी, स्वरस्पर्शी, अजगन्धिका, मभरी पनि भनिन्छ। यसले कीरा मार्छ, चिलाउने रोग निको गर्छ, विष, रक्तदोष, कफ, वात दोष नष्ट गर्छ र पित्त उत्पन्न गर्छ।

**(५) वन-बर्बरी-** यसलाई सूक्ष्म पत्रक, कटुपत्र, सुगन्धि, तया पनि भनिन्छ। सुजाक, दाद, खाज, चर्मरोग, सुजन, रक्त दोष, कृमि, ज्वरो, दाह निको गर्छ र रुचिकारक, पित्तकारक, अग्नि-दीपक सुगन्धिकारक हुन्छ।

**(६) दमनक-** यसलाई दान्त, मुनिपत्र, गन्धोत्कट तथा दौनामरूआ पनि भनिन्छ। यो क्लेशनाशक, त्रिदोष, विषनाशक, वीर्यवर्धक हुन्छ। सङ्ग्रहणी टाढा गर्छ। कोढ, कीरा तथा खाज मेटाउँछ।

भारतमा तुलसीको सामान्यतया निम्न प्रजाति पाइन्छ।

(१) ओसीमम अमेरिकेनम (कालो तुलसी) गम्भीरा वा मामरी।

(२) ओसिमम वेसिलिकम (मरुआ तुलसी) मुन्जरिकी वा सुरसा।

(३) ओसिमम बेसिलिकम मिनिमम

(४) ओसिमम ग्रेटिसिकम (राम तुलसी वन तुलसी)

(५) ओसिमम किलिमन्डर्चरिकम (कर्पूर तुलसी)

(६) ओसिमम सैक्टम

(७) ओसिमम विरिडी।

यसमा ओसिमम सैक्टमलाई प्रधान वा पवित्र तुलसी मानिन्छ। यसको पनि दुई प्रधान प्रजाति छ- श्री तुलसी जसको पात हरियो हुन्छ तथा कृष्ण तुलसी जसको पात नीलाभ- केही बैंजनी रङ्गको हुन्छ। श्री तुलसीको पत्र तथा शाखा श्वेताभ हुन्छ, जबकि कृष्ण तुलसीको पत्रादि कृष्ण रङ्गको हुन्छ। गुण धर्मको दृष्टिले कालो तुलसीलाई नै श्रेष्ठ मानिन्छ। तर अधिकांश विद्वान्‌को मत यही छ कि दुवैको गुण समान हुन्छ- श्री भाव मिश्र भन्छन्- शुक्ला कृष्णा च तुलसी गुणैस्तुल्या प्रकीर्तित।

तुलसीको गुल्मको समान क्षुप बिरुवा देखि ३ फिट अग्लो शाखायुक्त, रोमश, बैंजनी आभा लिएको हुन्छ। पत्र १-२ इन्च लामो अन्डाकार वा आयताकार हुन्छ। प्रत्येक पत्रमा एक प्रकारको तीव्र सुगन्ध हुन्छ। पुष्प मञ्जलि अति कोमल एवं ८ इन्च लामो र अनेक रङ्गको छटाबाट मण्डित हुन्छ। यसमा बैंजनी वा रक्तसरह आभा लिएको निकै ससानो पुष्प चक्र पनि लाग्छ। कोण पुष्पक प्रायः हृदयवत् हुन्छ। बीउ च्याप्टो पीतवर्णको छोटो, कालो चिह्नबाट युक्त अन्डाकार हुन्छ। पुष्प शीतकालमा लाग्छ।

सङ्ग्रह संरक्षण-पत्र, सूल, बीउ उपयोगी अङ्ग हो। यसलाई सुकाएर बिर्कोबन्द भाडामा सुक्खा शीतल स्थानमा राख्नुपर्छ। यसलाई एक वर्षसम्म प्रयोग गर्न सकिन्छ। सर्वत्र एवं सर्वदा सुलभ भएकोले पत्रको व्यवहार ताजा अवस्थामा गर्नु नै उत्तम हो। यस्तो शास्त्रीय मत छ कि पातलाई पूर्णिमा, अमावस्या द्वादशी, सूर्य सङ्क्रान्तिको दिन, मध्याह्न काल रात्रि दुवै सङ्ख्याको समयमा तथा ननुहाएसम्म तोड्नुहुँदैन। उपयुक्त समयमा तोड्दा धार्मिक महत्त्व राख्छ तथा जलमा राखेपछि ताजा पत्र पनि तीन रात्रिसम्म पवित्र रहन्छ।

यो बोट सामान्यतया दुई-तीन वर्षसम्म जवान रहन्छ। त्यसपछि यसको वृद्धावस्था आउँछ। पात कम र छोटो हुन्छ। सुक्खा डाठ देखिन्छ त्यसपछि त्यसलाई हटाएर नयाँ बिरुवा रोप्नुपर्छ।

रासायनिक विश्लेषण गर्दा तुलसीको पातमा एक प्रकारको पहेंलोपन लिएको हरियो रङ्गको तेल हुन्छ जुन हावामा उड्छ। केही समय त्यसलाई राखेपछि दानादार भएर जम्छ, त्यसलाई तुलसी कपूर भनिन्छ। यस तेलमा एउटा तारपिन नामक वस्तु पनि हुन्छ। खुला स्थानमा हुर्केको तुलसीको अपेक्षा छायामा हुर्केको तुलसीमा यो तेल बढी मात्रामा पाइन्छ। वायु शुद्ध गर्ने र रोगको कीटाणु मार्ने जुन शक्ति तुलसीको वरपरको हावामा हुन्छ, त्यसको प्रमुख कारण तेल नै हो जुन पातको माथिल्लो भागमा आएर हावासँग उडिरहन्छ।

हिन्दू घरमा तुलसीको मठ बनाएर लगाइन्छ र त्यसलाई कडा घामबाट बचाउन छायाको प्रबन्ध गरिन्छ। हरेक बोटलाई वृद्धिको लागि थोरै घामको आवश्यकता हुन्छ यसैले तुलसीको मठ यस्तो ठाउँमा बनाउनुपर्छ जहाँ केही बेर मात्र घाम लाग्छ अथवा घामबाट छेकिने उपाय गर्नुपर्छ जसले यो उपयोगी तेल बढी मात्रामा खर्च नहोस्।

तुलसीको बोट भारतवर्ष एवं श्रीलङ्काको सबै ठाउँमा पाइन्छ। हिमालय पर्वतमा ३ हजार फिटको उचाइमा पनि यो देख्न सकिन्छ। पश्चिम एशियामा अरबदेखि मलाया प्रायद्वीपसम्म र अस्ट्रेलियामा यो प्रचुर परिणाममा उत्पन्न हुन्छ। भारतवासीसरह युरोपियनले पनि यसलाई आदर गर्छन्, उनीहरूको गृह उद्यानमा तुलसीको बोट अवश्य पाइन्छ। अन्तर केवल यति हो, हिन्दूहरू धार्मिक भावनाले आफ्नो घरमा रोप्छन् भने युरोपेलीहरू त्यसको स्वस्थकर गुणबाट मुग्ध भएर आफ्नो वाटिकामा छर्छन्।

# चाडपर्वको मुखमा पनि पाएनन् उखु किसानले अनुदान

सर्लाही, ५ असोज/रासस

सर्लाहीका उखु उत्पादक किसानले गत वर्ष बिक्री गरेको उखुको अनुदान रकम अझै पाउन सकेका छैनन्। सरकारले गत वर्ष उखुको मूल्य निर्धारण गर्दा उखु उत्पादक किसानलाई प्रतिक्विन्टल ६५ रुपियाँ २८ पैसा अनुदान दिने घोषणा गरेको थियो।

उद्योगीबाट समयमैं भुक्तानी नपाएर हैरान भएका जिल्लाका उखु उत्पादक किसानलाई सरकारले समेत अनुदान रकम भुक्तानीमा आलटाल गरिरहेको




नेपाल उखु उत्पादक महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले बताए। उनका अनुसार भुक्तानीको झन्झटले उखु उत्पादक किसान उखुखेतीबाट निरुत्साहित हुँदै अन्य खेतीतर्फ लागेका छन्।

यता कोष तथा लेखा नियन्त्रण कार्यालय सर्लाहीका निमित्त प्रमुख दामोदर पौडेलले अनुदान रकम वितरणका लागि दुई साता अघि कार्यालयलाई रु २० करोड सात लाख बजेट प्राप्त भइसकेको जानकारी दिए। उनले भने-"अहिले रोक्का भएको बजेट खुल्नेबित्तिकै दशैंअघि नै उखु उत्पादक किसानलाई अनुदान वितरण गरिने छ।"

अनुदान वितरणका लागि इन्दुशङ्कर चिनी उद्योग हरिवनबाट उखु किसानको विवरण लिइसकेको र महालक्ष्मी चिनी उद्योग बगदहले एक/दुई दिनमैं विवरण उपलब्ध गराउने बताएको कोलेनिकाका निमित्त प्रमुख पौडेलले जानकारी दिए।

चाडपर्वको बेला अनुदान रकम उपलब्ध गराइदिन उखु किसानले सरकारसँग माग गरेका छन् भने उखुको भुक्तानी लिन किसानले हरेक वर्ष आन्दोलन गर्दै आएका छन्। जिल्लामा तीनवटा चिनी मिल रहेको भए पनि इन्दुशङ्कर चिनी उद्योग हरिवनले समयमैं भुक्तनी दिए पनि महालक्ष्मी चिनी उद्योग बगदह र अन्नपूर्ण चिनी उद्योग धनकौलले भने भुक्तानीमा ढिलाइ गरेको उखु किसानले गुनासो गरेका छन्। गत वर्षदेखि नै बन्द रहेको अन्नपूर्ण चिनी उद्योगले उखु किसानको पुरानो भुक्तानीसमेत दिन सकेको छैन।

## सोऱ्हश्राद्ध शुरू....

सङ्क्रमणबाट बच्न स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गरेर भक्तजन नदी किनारमा जम्मा भएका छन्।

आफ्नो घरभन्दा बाहिर बसेकाले तीर्थमा गई श्राद्ध गर्नुपर्छ भन्ने शास्त्रीय मान्यता छ। कारणवश श्राद्ध रोकिंदा शास्त्रमा अनेक विकल्प दिइएका छन्। सोऱ्हश्राद्ध कर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ। आपत् धर्म अनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औंसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् गौतम बताउँछन्।

यो समयमा पनि कारणवश सोऱ्हश्राद्ध गर्न नसकिएमा कार्तिक कृष्ण औंसी अर्थात् लक्ष्मी पूजाका दिन गर्न सकिन्छ। कार्तिक कृष्ण औंसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने शास्त्रीय मत छ। यो विकल्प अहिले कोरोनाका कारण सिर्जना भएको जस्तै परिस्थितिका लागि दिइएको हो।

आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औंसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परे पनि रोकिएको सोऱ्हश्राद्ध गर्न सकिने शास्त्रीय विकल्पसमेत निर्णयसिन्धु, धर्मसिन्धुलगायत धर्मशास्त्रका ग्रन्थमा दिइएको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख प्राडा देवमणि भट्टराईले जानकारी दिए।

त्यसपछि पनि सोऱ्हश्राद्ध गर्न नसकिएमा सक्नेले आफैं, नसक्नेले ब्राह्मणमार्फत दैनिक १०८ मन्त्र जप गर्न सकिने शास्त्रीय विकल्प रहेको धर्मशास्त्रविद् भट्टराईले जानकारी गराए। विधिपूर्वक यस्तो जप १० महीनासम्म गर्नुपर्छ।

यो विधिबाट पनि पितृले तृप्ति प्राप्त गर्ने धार्मिक विश्वास छ। पितृ पक्षको समाप्तिसँगै दुर्गा पक्ष अर्थात् बडादशैं शुरू हुन्छ। बडादशैं मनाउनुअघि पितृ तृप्तिका लागि सोऱ्हश्राद्ध गर्ने गरिएको धर्मशास्त्रीय मत छ।

## फरक समाचार

# हतारमा पकाएको भातबाट क्यान्सर

यदि तपाईं भातको शोखिन हुनुहुन्छ भने यो समाचार तपाईंकै लागि हो। इङ्ल्यान्डका वैज्ञानिकले भातबाट क्यान्सर हुने खतरा बताएका छन्। वैज्ञानिकको भनाइ छ, माटोमा पुग्ने कीटनाशक र विषालु केमिकलले भात खानेहरूलाई नयाँ खतरा उत्पन्न गर्दैछ। माटोको माध्यमबाट चामलमा पुग्ने आर्सेनिक तत्त्व क्यान्सर र हृदयरोगको खतरालाई बढाउँछ।

वैज्ञानिकको भनाइ छ, आधा पाकेको वा अबेरसम्म पानीमा नभिजाइएको



चामलको भात खानाले क्यान्सरको खतरा बढ्छ। तसर्थ भात हडबड गरेर पकाउनुहुँदैन।

वैज्ञानिकका अनुसार सबैभन्दा ठूलो कारण आर्सेनिक हो। यसको दुई कारण छ। पहिलो, यो लगभग हरेक पेस्टिसाइड्स र इसेक्टिसाइड्समा पाइन्छ। खेती-किसानीमा यसको बढ्दो प्रयोगले खतरा बढाइरहेको छ।

दोस्रो खतरा हो, पानीमा आर्सेनिकको उपस्थिति। शोधकर्ताका अनुसार धेरैजसो देशको भूजलमा आर्सेनिकको मात्रा निकै बढी छ। यो विस्तारै शरीरमा पानी र भोजनको माध्यमबाट पुग्छ।

शोधकर्ताको भनाइ छ, चामलमा यस कारण बढी खतरा छ किनभने धान खतरनाक रसायनको बीच हुर्कन्छ। अर्को कुरा, चामलले बढी पानी सोस्छ। यदि पानीमा पनि आर्सेनिक छ भने खतरा झनै बढ्छ। अनुसन्धानकर्ताका अनुसार लामो समय शरीरमा आर्सेनिक पुगेपछि केही लक्षण देखिन्छ। जस्तै प्रायः बान्ता हुनु, डायरिया हुनु, पेट दुख्नु, क्यान्सरको लक्षण, छालामा घाउ।

क्वीन्स युनिभर्सिटी बेलफास्टका वैज्ञानिकको भनाइ छ क्यान्सर र अन्य रोगको खतरा कम गर्न चामललाई आधा पकाएर खानुहुँदैन। यसलाई राम्ररी पकाउनुपर्छ। रिपोर्टमा चामलबाट आर्सेनिक निकाल्ने तरीका पनि बताइएको छ जसले खतरा घटाउँछ। चामललाई राम्ररी सफा गर्ने, त्यसपछि भाँडामा चामललाई रातभरि पानीमा भिजाउने। यस्तो गर्दा ८० प्रतिशतसम्म विषालु तत्त्व कम हुन्छ।

शोधकर्ताका अनुसार बाली उब्जनीको क्रममा माटोको माध्यमबाट थुप्रै रसायन अन्नमा पुग्छ र यसले कलेजोसम्बन्धी रोग र क्यान्सर जन्माउँछ। चामल यस्तो अन्न हो जसमा बढीजसो जनसङ्ख्या निर्भर छ। चामलमा क्यालोरी र पोषक तत्त्व थुप्रै पाइन्छ। चामलमा आर्सेनिक भएको कारण संसारमा हरेक वर्ष ५० हजार मृत्यु हुने गर्छ।

# तीव्र गतिले दौडिनुको फाइदा

कमर वरपर अतिरिक्त बोसो हृदयरोग, मधुमेह र केही विशेष प्रकारको क्यान्सरको कारण हो। द ब्रिटिश जर्नल अफ स्पोर्ट्स मेडिसिन अनुसार हाइ इन्टेसिटी इन्टरभल ट्रेनिङबाट यस बोसोलाई २९ प्रतिशत घटाउन सकिन्छ।



मैकमास्टर युनिभर्सिटीका प्राध्यापक मार्टिन गिबाला भन्छन्-यसका लागि २० मिटर दूरीसम्म ८ देखि १० पटक तीव्र दौड लगाउँदा यसलाई चाँडै घटाउन सकिन्छ। दौडिंदा के कुरामा ध्यान दिनुपर्छ विज्ञले यस प्रकार बताएका छन्-

सही दौडको लागि तीन चरण अनुसरण गर्नुपर्छ। पहिलोः १५ मिनेटको वार्म-अप। तीव्र दौड शुरू गर्नुभन्दा पहिले लगभग १० देखि १५ मिनेटसम्म वार्मअप गर्नुपर्छ। यसको लागि जगिङ पनि गर्न सकिन्छ वा फिल्डमा बिस्तारै गतिले केही चक्कर लगाउन सकिन्छ। यसबाट क्र्याम्प आउने आशङ्का कम हुन्छ। शरीरमा हलुका पसिना आउँछ।

दोस्रोः दौड्ने सही तरीकाः दौडिने बेला ध्यान राख्नुपर्छ कि जमीनमा पहिले पञ्जाले छुनुपर्छ। अघिल्लो खुट्टा सीधा अगाडि हुनुपर्छ। हात चाँडै अगाडि पछाडि हुनुपर्छ। यदि शुरू गर्नुभइरहेको छ भने चारदेखि पाँच दौड नै लगाउनुपर्छ। हरेक दौडपछि पर्याप्त आराम लिनुपर्छ किनभने अघिल्लो दौड पनि तीव्र गतिले गर्न सकियोस्।

हार्ट रेट ८० प्रतिशत क्षमताको साथ दौडिनुपर्छः दौडिने बेला तपाईंको हार्टरेट ८० प्रतिशतभन्दा बढी हुनुहुँदैन। आफ्नो अधिकतम हार्टरेट पत्ता लगाउनको लागि २२० बाट वर्तमान उमेर घटाउनुस्। यानी ४० वर्षका व्यक्तिको अधिकतम हार्टरेट २२०-४०. १८० हुन्छ। यस हिसाबाट ८० प्रतिशत क्षमता हार्टरेट १६० भन्दा बढी हुनुहुँदैन। यो पत्ता लगाउन मोबाइल एप प्रयोग गर्न सकिन्छ।

दौड-हिंड-दौडः तीव्र दौडिनुभन्दा पहिले दौड-हिंड-दौड सूत्र अपनाउनुपर्छ। यस सूत्रको शुरूआत एथलेटिक्सका चर्चित कोच र ओलम्पियन जेफ गैलोवले गरेका थिए। यस उपायमा केही बेर वा केही दूरी दौडिनुपर्छ र त्यसपछि हिंड्नुपर्छ। त्यसपछि पुनः दौडिने र हिंड्ने गर्नुपर्छ। नयाँ सिराबाट दौड शुरू गर्दा वा पुनः आफ्नो शरीरलाई दौडन योग्य बनाउन यो उपाय राम्रो हुन्छ।

दौड शुरू गर्नका लागि ७ साताको तालीम योजनाः पहिलो साता १.६ किमी, दोस्रो साता २.४ किमी, तेस्रो साता ३.२ किमी, चौथो साता ४ किमी, पाँचौं साता ४.८ किमी, छैठौं साता ५.६ किमी, सातौं साता ५ किमी।

- प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# धार्मिक संस्थाको नाममा वन क्षेत्र अतिक्रमण

जीतलाल श्रेष्ठ, निजगढ, ५ असोज/

वन क्षेत्र कब्जा गर्ने वा अतिक्रमण गर्ने जोकोहीलाई पनि कानूनी दायरामा ल्याउनु राज्य अनि राज्यका नियमनकारी निकायहरूको जिम्मेवारी हो। तर बारामा यसको ठीक उल्टो गतिविधि भइरहेको छ।

नियमनकारी निकायहरूका प्रमुख एवं मन्त्रीहरू नै अतिक्रमणकारीलाई चोख्याउने साक्षी बनिरहेका छन्। जसले गर्दा विभिन्न बहानामा वन क्षेत्र अतिक्रमण गर्नेहरूको मनोबल बढिरहेको छ। वन क्षेत्र कब्जा तथा अतिक्रमण गर्ने संस्थाहरूमध्ये धार्मिक संस्था ओम शान्ति पनि रहेको छ। वन क्षेत्र कब्जा गरी सोही क्षेत्रमा विभिन्न सभा समारोहको आयोजना गर्दै वनमन्त्री, प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरीका प्रमुखलगायतका सरकारी कर्मचारीहरूलाई कार्यक्रममा सहभागी गराइन्छ।

पछिल्लोपटक जीतपुरसिमरा उपमहानगरपालिका–१६ राजयोग सेवा केन्द्रले वर्षौंदेखि कब्जा गर्दै आएको वन क्षेत्रमा यही असोज ३ गते आइतवार संविधान दिवसको अवसर पारेर भव्य कार्यक्रम गरियो। कार्यक्रममा भर्खरै बारा जिल्लाको प्रशासन सम्हालेका प्रमुख जिल्ला अधिकारी कृष्ण कटुवाल पनि सामेल थिए। उनले कार्यक्रममा सहभागी भएर राष्ट्रिय झन्डा फहराए।



बारा, पिलुवास्थित ओम शान्ति संस्थाले वर्षौंदेखि वन क्षेत्र कब्जा गरी धार्मिक गतिविधि गर्दै आएको क्षेत्र । तस्वीरः प्रतीक

"हामीले पटक–पटक वन क्षेत्रमा कुनै पनि गतिविधि नगर्न भन्दै आइरहेका छौं। तर सरकारका मन्त्री, प्रमुख जिल्ला अधिकारी जस्ता मर्यादित व्यक्तिहरू आफैं त्यस्ता स्थानहरूमा सहभागी भइदिन्छन्। यसले वन अतिक्रमणकारीहरूको मनोबल झन् उच्च हुँदै गइरहेको छ," डिभिजन वन कार्यालय बाराका अधिकारीहरूको गुनासो छ।

यस सम्बन्धमा बाराका प्रजिअ कटुवाल भने आफू भर्खरै बारा जिल्लाको प्रशासन सम्हाल्न आएकोले पिलुवास्थित ओम शान्ति पिस पार्कले वन क्षेत्र कब्जा गरेकोबारे थाहा नभएको बताउँछन्। सोबारे कार्यक्रमस्थलमा पुगेपछि मात्रै जानकारी भएकोले अब यस्ता सङ्घसंस्थाहरूले आयोजना गर्ने कार्यक्रममा जानुअघि अध्ययन गरेर मात्रै जाने बताए।

"वन क्षेत्र कब्जा वा अतिक्रमण गर्नु कानूनविपरीत हो। वन क्षेत्रको संरक्षणमा वन कर्मचारी मात्र नभई सबै नागरिक सहभागी हुनुपर्छ," प्रजिअ कटुवालले भने।

धार्मिक वा अन्य संस्थागत, विद्यालय, मठमन्दिर वा व्यक्तिले वन क्षेत्रको जमीन कब्जा वा अतिक्रमण गरे वन ऐन कानून अनुसार सजाय पाउनु पर्ने स्पष्ट व्यवस्था छ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले पिस पार्क बनाउने नाममा दुई बिघाभन्दा बढी क्षेत्रफल वन क्षेत्र कब्जा गरेको छ। जसमा पोखरी, ट्रसको भवन संरचना निर्माणसँगै विस्तार गर्दै आइरहेको छ। सो स्थानमा केही महीना पहिले बारा, पर्सा, रौतहटका करीब सयजनाभन्दा बढी सञ्चारकर्मीहरूलाई सहभागी गराएर प्रशंसापत्र प्रदान गरिएको थियो। उक्त कार्यक्रममा प्रदेश नं २ का उद्योग, पर्यटन तथा वनमन्त्री रामनरेश राय यादवलाई प्रमुख अतिथि बनाइएको थियो।

डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदसँग बुझ्दा वनमन्त्री कार्यक्रममा सहभागी रहेकाले आफू पनि बाध्य भई सहभागी हुनुपरेको बताए। यस्ता कार्यक्रममा सहभागी हुँदा वन अतिक्रमणकारीहरूको मनोबल उच्च हुने उनले बताए।

बाराका विभिन्न स्थानमा धार्मिक मठमन्दिरलगायतका नाममा वन क्षेत्र कब्जा, अतिक्रमण हुँदै आइरहेको डिएफओ अहमदले बताए। त्यस स्थान वा वन क्षेत्रको पहिचान गरी धार्मिक वन दिन सकिने कानूनी व्यवस्था छ। तर त्यसतर्फ कसैको ध्यान नगएको उनको भनाइ छ।

वन कार्यालय वन संरक्षण गर्ने पहिलो जिम्मेवार निकाय भएकोले जानकारी आएसँगै त्यहाँ हुने गतिविधि रोक्दै आइरहेका छौं। तर पनि लुकीछिपी गतिविधि भइरहेका हुन्छन्। स्थानीय तहहरूले पनि त्यस्ता क्षेत्रमा रकम उपलब्ध गर्दै योजना बनाउने गरेकाले पनि उनीहरूको मनोबल झन् उकासिएको डिएफओ अहमदले बताए।

बारा जिल्लाको कुल वन क्षेत्र ४७ हजार १८२ हेक्टरबाट पर्सा राष्ट्रिय निकुञ्ज विस्तार गर्दा १६ हजार हेक्टर, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि आठ हजार ४८ हेक्टर र काठमाडौं तराई–मधेस द्रुतमार्ग सडक आयोजना निर्माणमा लगभग ३० हेक्टर वन क्षेत्र घट्न गई हाल बाराको वन क्षेत्र २३ हजार ५८ हेक्टरमा झरेको छ।

डिभिजन वन कार्यालय बाराको तथ्याङ्क अनुसार विभिन्न समयमा गरी बारामा अझै पनि आठ हजारदेखि १० हजार हेक्टर वन क्षेत्र विभिन्न नाम वा बहानामा अतिक्रमण भएको छ।

## नेप्सेमा दोहोरो अङ्कको वृद्धि

काठमाडौं, ५ असोज/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार दोहोरो अङ्कले उकालो लागेको छ। लगातार ओरालो लागेर झन्डै २०० अङ्कले घटेको नेप्सेमा मङ्गलवार सामान्य सुधार देखिएको हो।

नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १३.८३ बिन्दुले उकालो लागेर दुई हजार ७१२.०७ मा पुगेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.३६ बिन्दुले उकालो लागेर ५०८.६२ मा पुगेको छ। कुल २२३ कम्पनीको एक करोड ५३ लाख छ हजार ६१ कित्ता शेयर रु सात अर्ब ३६ करोड ४७ लाख ९८ हजार ६५२ मूल्यमा खरीद–बिक्री भए। मङ्गलवारको कारोबारपछि बजार पूँजीकरण रु ३७ खर्ब ९५ अर्ब ७६ करोड ८५ लाख ९२ हजार ११४ हजार बराबर पुगेको छ।

नेप्सेका अनुसार कारोबार भएका कुल १३ उपसमूहमध्ये चार उपसमूहको शेयर ओरालो लागेको छ भने नौ उपसमूहको शेयर उकालो लागेको छ। व्यापार ५०.२५, वित्त १८.४५, उत्पादन १९.०१ र सामूहिक लगानी कोष ०.०१ बिन्दुले ओरालो लागेको छ। त्यस्तै, बैंकिङ ३.७४, होटल तथा पर्यटन ७६.०९, विकास बैंक २७.३७, जलविद्युत् २२.८३, निर्जीवन बीमा ७२.०२, अन्य १३.८१, लघुवित्त १४.४९, जीवन बीमा १९९.६४ र लगानी १.२७ बिन्दुले उकालो लागेको छ।

कारोबारका आधारमा अरुण भ्याली हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु २५ करोड ४४ लाख १५ हजार २३३ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे। यस्तै, नबिल बैंक रु २० करोड ५६ लाख छ हजार ७९४, नेपाल पूर्वाधार बैंक रु २० करोड ४६ लाख ११ हजार ८९९, हिमालयन डिस्टिलरी रु २० करोड १९ लाख ३६ हजार १७१ र अपि पावर कम्पनी रु १८ करोड आठ लाख ४३ हजार ९३५ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे।

नेप्सेका अनुसार कारोबारका आधारमा मनकामना स्मार्ट लघुवित्त ९.९९, रुरु जलविद्युत् परियोजना ५.७८, नेपाल पूर्वाधार बैंक ४.६६, लाइफ इन्स्योरेन्स कम्पनी ४.२८, माहुली सामुदायिक लघुवित्तका लगानीकर्ताले ३.९९ प्रतिशतले कमाए। त्यस्तै, सानिमा लार्ज क्याप फन्ड ३.४३, एक्सेल डेभलपमेन्ट बैंक ३.४२, जानकी फाइनान्स ३.२६, माउन्टेन इनर्जी नेपाल २.९४ र सपोर्ट माइक्रोफाइनान्सका लगानीकर्ताले २.९१ प्रतिशतले गुमाए।


## नेपालको संविधानका विशेषता

- सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट जारी भएको संविधान,
- नेपाली जनतामा निहित सार्वभौमसत्ता एवं राजकीयसत्ता,
- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, धर्म निरपेक्ष राज्यव्यवस्था,
- मानव अधिकार र विधिको शासनको प्रत्याभूति,
- लोकतान्त्रिक मूल्य–मान्यतामा आधारित संविधान,
- समावेशीकरणको सिद्धान्तलाई आत्मसात गरिएको,
- प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणाली,
- सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकारको व्यवस्था,
- समाजवाद उन्मुख अर्थतन्त्र।

नेपाल सरकार
विज्ञापन बोर्ड


## ग्याँस चुहिएर आगलागी, महिला घाइते

प्रस, रक्सौल, ५ असोज/

खाना पकाउने क्रममा ग्याँस सिलिन्डरबाट ग्याँस चुहेर एकजना महिला गम्भीर घाइते भएकी छन्।


उपचार गराउँदै घाइते महिला (बीचमा)। तस्वीरः प्रतीक

सोमवार बिहान भारत, आदापुर थाना क्षेत्रको लालाछपरा गाउँ निवासी ४२ वर्षीया सुनीता देवी जलेर घाइते भएको प्रहरीले जनाएको छ। खाना पकाउने क्रममा अचानक ग्याँस चुलोमा आगो लागेको र सो आगो सल्केर घरको अन्न, कपडा, गरगहना जलेर नष्ट भएको छ।

आगोबाट फुसका दुईवटा घर पनि जलेर नष्ट भएको प्रहरीले जनाएको छ।

# खेलकूदको संसार

## नेपाली क्रिकेट टोली स्वदेश फिर्ता

काठमाडौं, ५ असोज/रासस

आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय शृङ्खला खेलेर नेपाली राष्ट्रिय क्रिकेट टोली ओमानबाट आज स्वदेश फर्केको छ।

टोलीलाई नेपाल क्रिकेट सङ्घ (क्यान)का पदाधिकारीलगायतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए।

ओमानमा सम्पन्न शृङ्खलामा नेपालले चार खेलमध्ये दुईमा जित र दुईमा हार बेहोरेको थियो।

नेपालले आइतवार भएको अन्तिम खेलमा पहिलो पटक ओमानलाई ७ विकेटले पराजित गर्दै ऐतिहासिक जित हासिल गरेको थियो। त्यस अघि सिरिजको पहिलो खेलमा नेपालले अमेरिकालाई पाँच विकेटले हराएको थियो भने दोस्रो खेलमा ओमानसँग पाँच विकेटले पराजित भएको थियो। त्यस्तै तेस्रो खेलमा नेपाल अमेरिकासँग ६ विकेटले हारेको थियो।

लिग–२ मा नेपाल, अमेरिका, ओमान, स्कटल्यान्ड, नामिबिया, युनाइटेड अरब इमिरेट्स (युएई) र पपुवा न्युगिनी रहेका छन्। नेपाल आठ खेलमा आठ अङ्क जोड्दै लिगको चौथो स्थानमा उक्लेको छ। ओमान १४ खेलमध्ये ११ मा जित र तीनमा हारका साथ २२ अङ्क जोडेर शीर्ष स्थानमा कायमै छ भने अमेरिका १६ खेलमध्ये सातमा जित र नौमा हारसहित १४ अङ्कका साथ दोस्रो स्थानमा छ।

## प्रतिलिपि अधिकारविरुद्ध कसूरमा एकजना पक्राउ

प्रस, वीरगंज, ५ असोज/

प्रतिलिपि अधिकार ऐनविरुद्ध कसूर गरेको आरोपमा एकजना मसला व्यवसायीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।


तस्वीर सौजन्यः जिप्रका, पर्सा

वीरगंज महानगर–८ का रोहित साह कानूले आफ्नो अन्नपूर्ण मसला उद्योगको उत्पादनमा चटकार बिएमपी स्पाइसेज उद्योगको ट्रेडमार्क र लेबल टाँसेर बिक्री गरेको आरोपमा प्रहरीले उनलाई पक्राउ गरेको हो। प्रहरीले सो उद्योगबाट ६२४ पोका मसला, कच्चा पदार्थ १० बोरा र मसला पिस्ने मेशिन एक थान नियन्त्रणमा लिएको छ। कानूले वीरगंज महानगर–२८ सबैठवास्थित चटकार बिएमपी स्पाइसेज उद्योगको ट्रेडमार्क र लेबल आफ्नो उत्पादनमा टाँसेर बजारमा बिक्री वितरण गरेको प्रहरीको भनाइ छ। कानूलाई पर्सा जिल्ला अदालतबाट पाँच दिनको म्याद थमाइ प्रतिलिपि अधिकार ऐन २०५९ अन्तर्गतको कसूरमा अनुसन्धान गरिरहेको जिप्रका, पर्साले जनाएको छ।

### नेपाल–भारत सम्बन्ध.....

उनले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाएर मुलुकमा राजनीतिक स्थिरता कायम गर्नुपर्ने कुरामा जोड दिए। उनले नेपालको संविधान कार्यान्वयन गर्न आवश्यकता अनुसार संशोधन गर्दै जानुपर्ने बताए। यसो गर्दै गएको खण्डमा मात्र सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुन सक्ने उनको तर्क थियो।

विकासको सवालमा दुवै देशले साझा एजेन्डा बनाएर अघि बढ्नुपर्ने कुरामा जोड दिंदै नेपाल–भारतबीचको सम्बन्ध बलियो बनाउन सबैले भूमिका खेल्नुपर्ने सुझाव दिए। दुई देशबीचको तिक्तता हटाउनुपर्ने र सकारात्मक ढङ्गबाट नेपाल र भारतबीचको सम्बन्धलाई रूपान्तरित अवस्थामा लैजानुपर्ने बताए।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,